

# तपाईंले हेरचाह गर्नुहुन्छ भनेर प्रकट गर्नुहोस्

*हामीले विशेष गरी ख्रीष्मसमा, हेरचाह गर्छौं भनेर देखाउन सक्ने धेरै तरिकाहरू छन्। हामीले यो भन्न सक्छौं, टेक्स्ट पठाउन सक्छौं, लेख्न सक्छौं, दिन सक्छौं, बाँढ्न सक्छौं, प्रार्थना गर्न सक्छौं, गाउन सक्छौं, अङ्कमाल गर्न सक्छौं, खेल्न सक्छौं, रोप्न सक्छौं वा सफा गर्न सक्छौं। केवल यो प्रयाश गर्नुहोस्।*

सेवाको मुटु भनेकै अरूहरूलाई प्रेम प्रकट गर्नु हो। राहत समाजकी साधारण अध्यक्ष जेन बी. बिन्घमले भन्नुभयो: "प्रेरणाका रुपमा प्रेमसँगै एक एक गरेर सही सेवा प्राप्त हुन्छ। ... प्रेरणाका रुपमा प्रेमसँगै चमत्कारहरू हुनेछन् र हामीले आफुले सेवा गर्ने दिदीबहिनी र दाजुभाइहरू सबैलाई येशू ख्रीष्टको सुसमाचारमा एकतृत गर्ने तरिकाहरू पत्ता लगाउनेछौं।" [1]

हामीले हेरचाह गर्छौं भनेर अरूहरूलाई जानकारी दिनु व्यक्तिगत सम्बन्ध विकाश गर्ने महत्त्वपूर्ण तत्व हो। तरपनि फरक मानिसहरूले फरक तरिकाले सन्देश लिन्छन्। त्यसो भए हामीले कसरी अरूहरूले बुझ्ने र प्रशंसा गर्ने गरी उपयुक्त तरिकाले अरूहरू प्रतिको हाम्रो प्रेमलाई प्रकट गर्न सक्छौं ? आफ्नै सोचमा हामीले हेरचाह गर्छौं भनेर प्रकट गर्ने कार्यलाई सुरु गर्नका लागि केही तरिकाहरू यहाँ छन्।

**यो भन्नुहोस्**

यदाकदा कसैका बारेमा तपाईंले के महसुस गर्नुहुन्छ भन्नका लागि त्यहाँ कुनै प्रतिस्थापन हुन्दैन। जब कि यसले तपाईंले तिनीहरूलाई माया गर्नुहुन्छ भनेर कसैलाई भन्नुलाई जनाउँछ, तिनीहरूका बारेमा तपाईंलाई के रोचक लाग्छ वा इमान्दारितापूर्वक प्रशंसा गर्ने कुरालाई पनि यसले समावेश गर्न सक्छ।यस्तो प्रकारको प्रष्टीकरणले सम्बन्धलाई मजबुत बनाउँन सहयोग गर्छ।(एफिसी ४:२९ हेर्नुहोस्।)

- ऊ वा उनका सवल पक्षहरू मध्येको एकलाई तपाईंले कति प्रशंसा गर्नुहुन्छ भनेर व्यक्तिलाई बताउने अवसर पत्ता लगाउनुहोस्।
- उहाँहरूलाई तपाईंले सम्झिरहनु भएकोछ भनेर व्यक्तिलाई बताउन भेट्नुहोस्, फोन गर्नुहोस् वा ईमेल, टेक्स्ट वा कार्ड पठाउनुहोस्।

**भेट**

ऊ वा उनलाई तपाईंले कति महत्त्व दिनुहुन्छ भनेर देखाउने महत्त्वपूर्ण तरिका भनेकै कसैसँग कुरा गर्न र ऊ वा उनका कुरा सुन्न समय दिनु हो। तपाईंले घर, चर्च वा अन्यत्र जहाँ कहीं भेटे तापनि धेरै मानिसलाई तिनीहरूले कुरा गर्न सक्ने कोही व्यक्ति आवश्यक पर्छ (हेर्नुहोस् मोसीयाह ४:२६; सि र क २०:४७)।

- व्यक्तिगत आवश्यकताका आधारमा भेट गर्ने कुरा तय गर्नुहोस्। ऊ वा उनका परिस्थितिहरूलाई सुन्नका र वास्तिक रुपमा बुझ्न समय लिनुहोस्।
- दूरी, सांस्कृतिक मापदण्ड वा अन्य परिस्थितिका कारण घरमा भेट गर्ने कुरा कठीन भएमा चर्च पछाडि सँगै समय बिताउने कुरालाई महत्त्व दिनुहोस्।

**उद्देश्य सहित सेवा गर्नुहोस्**

व्यक्ति र परिवारलाई के आवश्यक छ भन्ने कुरामा सचेत हुनुहोस। अर्थपूर्ण सेवा प्रदान गर्नाले तपाईंले हेरचाह गर्नुहुन्छ भनेर प्रकट गर्छ। यसले समयको महत्वपूर्ण उपहार र सोचयुक्त प्रयासलाई एकतृत गर्छ। "सेवाका साधारण कार्यहरूले अरूहरूमा गहन प्रभाव पार्न सक्छ," दिदी बिन्घमले भन्नुभयो। [2]

- व्यक्तिहरू वा परिवारहरूलाई मजबुत बनाउन केटाकेटीहरूको हेरचाह गरिदिएर अभिभावकहरूलाई मन्दिर पठाउने जस्ता सेवाहरू प्रदान गर्नुहोस्।
- जब जीवन बोझिलो बन्छ, झ्यालहरू सफा गर्ने, कुकुरलाई घुमाउने वा करेसाबारीमा सहयोग गर्ने जस्ता बोझहरूलाई हलुका बनाउने तरिकाहरू खोज्नुहोस्।

**सँगै काम गर्नुहोस्**

त्यहाँ केही व्यक्तिहरू हुन्छन् जो गहिरो वार्तालापका माध्यमबाट सम्वन्ध जोढ्न सक्दैनन्। केही मानिसहरूका लागि समान चाहना पत्ता लगाएर अनि सँगै ती कामहरू गर्दै समय बिताएर सम्बन्धहरू बन्छन्। परमप्रभूले हामीलाई हाम्रा दाजुभाइहरू र दिदीबहिनीहरू "सँगै हुन र मजबुत बनाउन" (सि र क २०:५३) आग्रह गर्नु भएकोछ।

- हिँड्न जानुहोस्, खेल साँझ वा सँगै व्यायाम गर्ने नियमित समय तय गर्नुहोस्।
- सामुदायिक वा चर्चका कार्यक्रममा सँगै सेवा गर्ने

**उपहार दिने**

कहिलेकाहीँ वार्तालाप गर्नका लागि समय र अवसरहरू सीमित हुन्छन्। अधिकांश संस्कृतिहरूमा उपहार दिनु भनेको हेरचाह गर्नु र सहानुभूति देखाउनु हो। यदाकदाका सामान्य उपहारले अझै सुमधुर सम्बन्ध बनाउने तपाईंको चाहनालाई प्रकट गर्छ (हेर्नुहोस् भजन संग्रह २१: १४)।

- उहाँहरूलाई मन पर्ने चीज लैजानुहोस्।
- उहाँहरूले लाभ लिन सक्नुहुन्छ भनेर तपाईंले महसुस गरेको कथन, धर्मशास्त्र वा अन्य कुनै सन्देश बाँढ्नुहोस्।

**प्रेमको एक परिश्रम**

जब तपाईंले आफुले सेवा गर्नेहरू र कसका लागि तपाईंले प्रेरणा खोज्नुहुन्छ भनेर बुझ्नुहुन्छ तपाईंले अझै विशेष रुपमा व्यक्तिगत रुपमा उहाँहरूसँग कसरी तपाईंको प्रेमलाई प्रकट गर्ने भनेर सिक्नुहुन्छ।

ओरेगनको किमबली सेबल्ड यू यस ए ले प्रेम देखाउन प्रेरणाको खोजी गर्ने र उपहार दिने बारे कथा भन्छ।

"जब मैले जीवन खस्किएको छ भन्ने पत्ता लगाउँछु, म उठेर सामान्यतया आठ प्याकेट फर्सिको रोटी बनाउँछु। जब मैले रोटी बनाउन सुरू गर्छु कसलाई ती रोटीका प्याकेटहरू आवश्यक छ भनेर मैले गर्ने मौन प्रार्थना नै मेरो विशेष सामग्री हो। जब तातोतातो लामो आकारको फर्सीको रोटी तिनीहरूको घर र जीवनमा मेरो आमन्त्रण बन्न थाले पछि मैले मेरा वरिपरिको छिमेकलाई अझै राम्ररी चिन्न थालेको छु।

"गृष्मको एक उष्ण दिनमा, बाटोको छेउमा कालो जामुन बेच्ने एक परिवारको साथमा पुगेँ । मलाई थप कालो जामुन आवश्यक थिएन तरपनि उभिरहेको पातलो एक जवान केटा म उसको अर्को क्रेता थिए भन्ने सोच्दै मलाई भेटेकोमा उत्सुक देखिन्थ्यो। मैले केही कालो जामुन किनें र मसँग उसका लागि एक उपहार पनि थियो। मैले त्यो केटालाई रोटीका दुई प्याक दिएँ। ऊ स्वीकृतिका लागि उसको बुबा तर्फ फर्कियो अनि भन्यो, 'बुबा हेर्नुहोस् त, आज हामीसँग खानका लागि केही चीज छ।' एक साधारण तरिकामा प्रेम देखाउन पाउँदा म कृतज्ञताले भरिएको थिए।"

बाह्र प्रेरित गणका एल्डर जेफ्री आर हलेण्डले अनुरोध गर्नुभयो "हरेक पुरुष र महिला- अनि हाम्रा जवान युवा पुरुष र युवती महिला- एकअर्काका लागि अन्तर हृदय देखि हेरचाह गर्नका लागि ख्रीष्टको विशुद्ध प्रेमद्वारा प्रेरित र अझै बढी प्रतिवद्ध हुनेछन्।... हामी सबैका परमेश्वर र पितालाई प्रार्थनाहरूको जवाफ दिने, सान्त्वना दिने, आँशु पुछ्ने अनि लग्पकाएका घुँडाहरूलाई मजवुत बनाउने उहाँको आश्चर्य चकित पार्ने कार्यमा सहयोग गर्न अङ्गुरको बगैंचाका परमप्रभूसँगै परिश्रम गर्न सकौँ।

**येशू ख्रीष्टले हेरचाह गर्नुहुन्छ**

येशू ख्रीष्टले लाजरसलाई मृत्युबाट उठाएपछि "येशू रुनुभयो।

"यसकारण यहूदीहरूले भने, हेर, उहाँले तिनलाई कति माया गर्नुभयो।" (यूहन्ना ११:३५-३६)

"ममा तिमीहरू प्रति सहानुभूति जाग्यो," ख्रीष्टले निफाईटीहरूलाई भन्नुभयो। त्यसपछि उहाँले तिनीहरूका विरामी र पीडित, तिनीहरूका लङ्गडा र अन्धाहरूलाई बोलाउनुभयो, अनि "उहाँले तिनीहरूलाई चङ्गाइ दिनुभयो" (हेर्नुहोस् ३ नफ़ि १७: ७-९) ।

मुक्तिदाताले हाम्रा लागि उदाहरण प्रस्तुत गर्नुभयो जब उहाँले अरूहरूको हेरचाह गर्नुभयो। उहाँले सिकाउनुभयो:

"तिमीले परमप्रभू आफ्ना परमेश्वरलाई आफ्ना सारा हृदयले र आफ्ना सारा प्राणले र आफ्ना सारा समझले प्रेम गर्नू।

"यो पहिलो र महान् आज्ञा हो।

"दोस्रो चाहिँ त्यही जस्तै छ, तिमीले आफ्ना छिमेकीलाई आफैंलाई जस्तै प्रेम गर्नू।" (मत्ती २२:३७-३९) ।

**कसलाई तपाईंको हेरचाह आवश्यक छ ? तपाईंले उहाँहरूलाई हेरचाह गर्नुहुन्छ भनेर कसरी देखाउनुहुन्छ ?**

अरूहरूका कुरा सुन्नाले हामी उहाँहरूलाई हेरचाह गर्छौं भनेर देखाउने तरिकाहरू पत्ता लगाउन सहयोग गर्छ। Liahona को जुन २०१८ को प्रकाशनमा "असल श्रोताले गर्ने पाँच कुराहरू" भन्ने सेवाका सिद्धान्तहरूका सामग्रीहरू हेर्नुहोस्।

"सेवाका सिद्धान्तहरू" का सामग्रीहरू भेटका समयमा सन्देशका रुपमा बाँढ्ने नभई हामीलाई एकअर्कालाई हेरचाह गर्नका लागि सहयोग गर्न लक्षित हुन्छन्। जब हामीले आफुले सेवा गर्नेहरूका बारेमा जानकारी लिन्छौँ हाम्रो हेरचाह र सहानुभूतिका साथै उहाँहरूलाई के सन्देश आवश्यक छ भनेर पवित्र आत्माले हामीलाई प्रोत्साहन गर्छ।

**सूचीहरू**

१. जेन बि विन्घम “Ministering as the Savior Does,” *Liahona*, मे २०१८, १०६
२. जेन बि विन्घम “Ministering as the Savior Does,” १०४
३. जेफ्री आर हलेण्ड “Be With and Strengthen Them,” *Liahona*,मे २०१८, १०३

© 2018 All rights reserved. Printed in USA. अङ्ग्रेजी अनुमोदन 6/17 । अनुवाद अनुमोदन 6/17. Nepali 15056 372 को अनुवाद।